# सहिदभूमि राजपत्र

सहिदभूमि गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड-१, सङ्ख्या-१० सहिदभूमि राजपत्र, मिति : २०७५/०७/२५

भाग-१

सहिदभूमि गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

## सहिदभूमि गाउँपालिकाको विनियोजन ऐन, २०७५

स्वीकृत मिति: २०७४।०३।२५

**प्रस्तावना**

सहिदभूमि गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सहिदभूमि गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"सहिदभूमि गाउँपालिका विनियोजन ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा**

क.गाउँसभा भन्नाले सहिदभूमि गाउँपालिकाको सभालाई संझनु पर्दछ ।

ख.कार्यपालिका भन्नाले सहिदभूमि कार्यपालिकालाई संझनु पर्दछ ।

ग.वडा समिति भन्नाले सहिदभूमि गाउँपालिकाको वडा समिति संझनु पर्दछ ।

घ.विषयगत शाखा भन्नाले सहिदभूमि गाउँपालिका अन्तर्गतको शाखा, आयोजना सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाईलाई समेत संझनु पर्दछ ।

ङ.संचित कोष भन्नाले सहिदभूमि गाउँपालिकाको संचित कोषलाई संझनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त सहिदभूमि गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च रु.३,८९,४०,०००।-(तीन करोड उनासी लाख चालिस हजार मात्र) पूँजिगत खर्च रु.२२,९०,६९०००।००(वित्तिय व्यवस्था र सामाजिक सुरक्षा भत्ता बाहेक) (अक्षेरुपी बाईस करोड नब्बे लाख उनानसत्तरी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४.**विनियोजन**: (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को लागि सहिदभूमि गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्य कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज

भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट खर्च हुने रकम (रुं हजारमा)

| | | |
|---|---|---|
| **चालु तर्फ** | | |
| **१** | **चालु खर्च** | **३८९५०** |
| **पूजीगत कार्यक्रम तर्फ** | | |
| **सकेत** | **योजना तथा शिर्षकगत कार्यक्रम** | **विनियोजित रकम रू.** |
| | **विशेष कोषहरू** | **३०००** |
| | विपद व्यवस्थापन विशेष कोष | ५०० |
| | मर्मत संभार विशेष कोष | २००० |
| | अनुदान तथा विपन्न सहायता कोष | ५०० |
| २९३११ | **फर्निचर तथा फिक्चर्स** | **१०००** |
| | **सवारी साधन** | **६०००** |
| | **मेसिनरी औजार आदि** | **१८००** |
| २९६२१ | **पूजिगत सुधार खर्च सार्वजनिक निर्माण** | **२१२५६९** |
| २९७११ | **पूजिगत अनुसन्धान तथा परामर्श** | **४३००** |
| | **भैपरी आउने तथा अन्य पूजिगत खर्च** | **१००** |
| | **अन्य फिर्ता** | **२००** |
| | **सावा, व्याज, ऋण तथा अन्य** | **१००** |
| | **पूजिगततर्फको जम्मा खर्च** | **२२९०६९** |

आज्ञाले :

सुवर्ण घिमिरे

प्रमुख प्रशासकीय अधिकृत